〈郵便番号〉
〈住所〉
〈借受人姓〉〈借受人名〉

〈貸付コード〉
〈バーコード〉

साइतामा प्रिफेक्चर समाज कल्याण परिषद न.
रेइवा साल महिना तारिख

समाज कल्याण निगम साइतामा प्रिफेक्चर समाज कल्याण परिषद
कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी

नोभल कोरोनाभाइरस सङ्क्रमणको प्रभावको कारण दिइने आपत्कालीन सानो कोष आदि विशेष कर्जा

**चुक्ता गर्न बाँकी कर्जाको रकम तथा आर्थिक वर्ष रेइवा 6 सालको ऋण मोचन आवेदन सम्बन्धी जानकारी ≪ कोषको नाम ≫ को रकम**

**【Notice of Repayment Balance of Special Loans for Emergency Small Amount Funds】**

हाल कर्जा चुक्ताको अवधिमा पर्ने ≪資金名称≫को चुक्ता गर्न बाँकी कर्जाको रकम (निर्माण मितिको बेला) तल तपसिलमा लेखिए अनुसार रहेको कुरा जानकारी गराउँदछौं। निर्माण मानक मिति पछि चुक्ता गरेको खण्डमा चुक्ता गर्न बाँकी रकम फरक हुन सक्ने कुरा अग्रिम रूपमा जानकारी गराउँदछौं।

साथै आर्थिक वर्ष रेइवा 5 सालको निवासी कर लगाइएको व्यक्ति भई, आवश्यकताहरू पूरा गरेको खण्डमा आर्थिक वर्ष रेइवा 6 सालको ऋण मोचन आवेदन दिन सकिनेछ। विस्तृत जानकारीको लागि सँगै पठाइएको जानकारी पुस्तिका हेरी दायाँपट्टि रहेको आवेदनपत्र पेस गर्नुहोस्।

तपसिल

[निर्माण मानक मिति:≪令和 yy 年 mm 月 dd 日≫]

| | |
|---|---|
| कोषको नाम | ≪資金種類≫ |
| कर्जा लिने व्यक्तिको नाम | ≪借受人姓≫≪借受人名≫ |
| कर्जा कोड | ≪貸付コード≫ |
| कर्जा रकम | ≪貸付額≫ |
| कर्जा चुक्ताको अवधि | ≪yy 年 mm ヵ月≫ |
| कर्जा चुक्ता सुरु हुने मिति | ≪償還開始日≫ |
| कर्जा चुक्ता गर्ने अन्तिम दिन | ≪償還期限日≫ |
| कर्जा चुक्ता भइसकेको रकम | ≪償還済額≫येन |
| कर्जा चुक्ता गर्न बाँकी रकम | ≪償還残額≫येन |
| कर्जा चुक्ता गर्न बाँकी रकम मध्य तिर्न ढिलो भएको रकम | ≪滞納額≫येन |

**◆यस पटक पठाइएका कागजातहरू (संलग्न वस्तुहरू)**

(1)चुक्ता गर्न बाँकी कर्जाको रकम तथा आर्थिक वर्ष रेइवा 6 सालको ऋण मोचन आवेदन सम्बन्धी सूचना, ऋण मोचन आवेदनपत्र (यो सूचना)

(2)"आर्थिक वर्ष रेइवा 6 सालमा ऋण मोचन पाउन सक्ने विशेष कर्जाको बारेमा" जानकारी पुस्तिका

*P4 मा आवेदनपत्रमा जानकारी भर्ने तरिका लेखिएको छ।

(3)फिर्ता पठाउने खाम

**[आवेदन/सम्पर्क स्थान]**

**साइतामा प्रिफेक्चर समाज कल्याण परिषद**

**कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**

[फोन नम्बर] 050-2018-1839 [सम्पर्क हने समय] बिदाको दिन बाहेक 9:00-17:00 https://www.fukushi-saitama.or.jp/site/problem 33.html

Sample

(ढाँचा 1-1)

# संयुक्त सहायता कोषको विशेष कर्जासँग सम्बन्धित कर्जा रकम तथा ऋण मोचनको आवेदनपत्र

«資金名称» को रकम

*कृपया गाडा रेखाभित्र सबै भर्नुहोस्।

| | | | |
|---|---|---|---|
| कोषको प्रकार | «資金名称» | | |
| कर्जा लिने व्यक्तिको नाम | «借受人姓»«借受人名» | | |
| कर्जा रकम | «差し込み» येन | मोचनका लागि आवेदित रकम | यसमा पर्ने कोष प्रकारको ऋण मोचनको अधिकतम रकम |
| मोचनका लागि आवेदनको कारण | निवासी करको समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवैमा कर छुट भएकोले। | | |

| | | |
|---|---|---|
| घरपरिवारको अवस्था *कुनै एउटामा ☑ लगाउनुहोस्। | ☐ हाल म (कर्जा लिने व्यक्ति) घरपरिवारको मुख्य व्यक्ति हुँ<br>☐ हाल कर्जा लिने व्यक्ति बाहेकको व्यक्ति घरपरिवारको मुख्य व्यक्ति हुन् साथै हालको घरपरिवारको मुख्य व्यक्ति ऋण आवेदन दिने बेला कर्जा लिने व्यक्ति भन्दा बेग्लै घरपरिवारका थिए<br>☐ हाल कर्जा लिने व्यक्ति बाहेकको व्यक्ति घरपरिवारको मुख्य व्यक्ति हुन् तर घरेलु हिंसाबाट बच्ने जस्ता कारणले घरपरिवारको मुख्य व्यक्तिको आयकर प्रमाणपत्र प्राप्त गर्न सकिंदैन | ☐ देब्रेपट्टि लेखिएका कुनै कुराहरूसित पनि मेल नखाने खण्डमा |
| आवश्यक कागजात *कागजातहरू तयार गरी ☑ लगाउनुहोस् | तलका 3 कागजातहरू सबै आवश्यक छन्<br>☐ मोचन आवेदनपत्र (यो कागजात)<br>☐ हालको घरपरिवारका सदस्य सबै उल्लिखित निवासी प्रमाणपत्र (ओरिजिनल)<br>(घरपरिवारको मुख्य व्यक्तिको नाम र सम्बन्ध उल्लेख भएको)<br>☐ **कर्जा लिने व्यक्ति**को आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर छुट प्रमाणपत्र (ओरिजिनल) *निवासी करको **"समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा** छुट पाएको भनेर लेखिएको | तलका 3 कागजातहरू सबै आवश्यक छन्<br>☐ मोचन आवेदनपत्र (यो कागजात)<br>☐ हालको घरपरिवारका सदस्य सबै उल्लिखित निवासी प्रमाणपत्र (ओरिजिनल)<br>(घरपरिवारको मुख्य व्यक्तिको नाम र सम्बन्ध उल्लेख भएको)<br>☐ **कर्जा लिने व्यक्ति तथा घरपरिवारको मुख्य व्यक्ति**को आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर छुट प्रमाणपत्र (ओरिजिनल) *निवासी करको **"समान कर भुक्तान रकम" र "खुद आय अनुसार भुक्तान रकम" दुवैमा** छुट पाएको भनेर लेखिएको |

साइतामा प्रिफेक्चर समाज कल्याण परिषद परिषद प्रमुख ज्यू

**म निम्न 6 बुँदाहरूमा सहमत छु र मोचनको लागि आवेदन दिन्छु।**

① यस विशेष व्यवस्थामा ऋण मोचनको निर्णय भएको खण्डमा आत्मनिर्भर परामर्श सहायता संस्थालाई उक्त संस्थाको काममा उपयोग गर्नको निम्ति म आफ्नो व्यक्तिगत जानकारी दिन सहमत छु।

② भरेको व्यक्तिगत जानकारीलाई म यस प्रणालीको लागि आवश्यक हदसम्ममा तेस्रो पक्षलाई उपलब्ध गराउने कुरामा सहमत छु।

③ म साइतामा प्रिफेक्चर समाज कल्याण परिषदद्वारा यस प्रणालीको लागि आवश्यक हदसम्ममा जापानको राष्ट्रिय समाज कल्याण परिषद, अन्य प्रिफेक्चरका समाज कल्याण परिषदहरू, गाउँपालिका वा नगरपालिकाका समाज कल्याण परिषदहरू, स्थानीय स्वायत्त सरकारी निकायहरू, सार्वजनिक रोजगार सुरक्षा कार्यालयहरू, आत्मनिर्भर परामर्श सहायता संस्थाहरू, घरेलु आर्थिक सुधार सहायता संस्थाहरू जस्ता सम्बन्धित संस्थाहरूसँग खोजी गरी मेरो व्यक्तिगत जानकारी उपलब्ध गराउने कुरामा सहमत छु।

④ म तथा मेरो घरपरिवारका सदस्यहरू हिंसात्मक संगठनको सदस्य होइनन्। म साइतामा प्रिफेक्चर समाज कल्याण परिषदले आवश्यकता अनुसार सरकारी निकायहरू आदिबाट म अथवा मेरो परिवारको सदस्य हिंसात्मक संगठनको सदस्य हो वा होइन पत्ता लगाउनको लागि आवश्यक जानकारी माग गर्ने कुरामा सहमत छु। (हिंसात्मक संगठन भन्नाले "हिंसात्मक संगठनका सदस्यद्वारा गरिने अनुचित गतिविधि रोकथाम आदि सम्बन्धी ऐन" दफा 2 को उपदफा 2 मा उल्लेख भए अनुसार "उक्त संगठनको रचनात्मक सदस्य (जसमा उक्त संगठनको रचनात्मक संगठनको रचनात्मक सदस्य समावेश छ) ले सामूहिक रूपमा अथवा नियमित रूपमा हिंसात्मक गैरकानुनी गतिविधि आदि गर्नमा बल पुर्‍याउने खतरा रहेको संगठन" भनी मानिन्छ।)

⑤ छानबिनको परिणाम स्वरूप ऋण मोचनको लागि अमान्य हुन गएमा त्यसको कारण खुलासा नगरिने कुरामा सहमत छु।

⑥ ऋण मोचन प्राप्त गर्ने उद्देश्यले घरपरिवारको मुख्य व्यक्ति परिवर्तन गरेको छैन। साथै ऋण मोचनको निर्णय भएपछि यस आवेदनपत्रमा उल्लिखित विवरण झुट भएको थाहा हुन आएको खण्डमा वा ऋण मोचनको सर्तसित मेल नखाने भनी थाहा हुन आएको खण्डमा ऋण मोचनलाई खारेज गरिने कुरामा सहमत छु।

रेइवा साल महिना तारिख *यो कागजात भरेको मिति लेख्नुहोस् ***माथि प्रिन्ट गरिएको नाम अनुसार आफैले हस्ताक्षर गर्नुहोस्।**

कर्जा लिने व्यक्तिको नाम (आफैले हस्ताक्षर)

Borrower's Name(Signature)

फोन नम्बर – *दिनको समयमा सम्पर्क हुने फोन नम्बर लेख्नुहोस्।

*आवेदकले निम्न ठाउँहरूमा नभर्नुहोस्।

| * | कोष कोड | कर्जा कोड | स्वीकार नम्बर | साइतामा प्रिफेक्चर समाज कल्याण परिषदले स्वीकार गरेको मिति | बारकोड«差し込み» कोष कोड«差し込み» |
|---|---|---|---|---|---|
| | SX | «差し込み» | | रेइवा साल महिना तारिख | |

Sample